# छत्रदेव जनस्वास्थ्य गतिविधी

## छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाद्वारा २०८१ चैत्र महिनामा सञ्चालित गतिविधिहरुको सङ्गालो

वर्षः २ | अंकः ९ | महिना:बैशाख

### यस सामग्रीमा समावेश भएका विषयवस्तुहरुः

१. *२०८१ चैत्र महिनामा सञ्चालित क्रियाकलापको विवरण*
२. *क्षयरोगका कार्यक्रमको आ.व. २०८१/०८२ को प्रथम अर्द्धवार्षिक समिक्षा कार्यक्रम सम्बन्धी,*
३. *क्षयरोग मुक्त अभियान नेपाल अन्तर्गत वडा स्तरीय समितिको समीक्षा बैठक सम्बन्धी,*
४. *समूदायमा सक्रिय क्षयरोग खोजपड्तालका लागि क्षयरोग खकार नमूना सङ्कलन तथा स्वास्थ्य शिक्षा कार्यक्रम सम्बन्धी,*
५. *पोषणमैत्री स्वास्थ्य संस्था एवम् पूर्ण संस्थागत प्रसूति वडा घोषणा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्बन्धी,*
६. *समुदाय स्तरमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयारी तथा मोवाइल स्वास्थ्य सम्बन्धी स्वास्थ्यकर्मी तथा सरोकारवालाहरुका लागि अभिमुखीकरण कार्यक्रम सम्बन्धी ।*

### २०८१ चैत्र महिनामा छत्रदेव गाउँपालिका स्वास्थ्य शाखा द्वारा सञ्चालित क्रियाकलापहरुः

१. *स्वास्थ्य संस्थाहरुको मासिक समीक्षा बैठक सम्पन्न*
२. *क्षयरोगका कार्यक्रमको आ.व. २०८१/०८२ को प्रथम अर्द्धवार्षिक समिक्षा कार्यक्रम सम्पन्न,*
३. *क्षयरोग मुक्त अभियान नेपाल अन्तर्गत वडा स्तरीय समितिको समीक्षा बैठक सम्पन्न,*
४. *समूदायमा सक्रिय क्षयरोग खोजपड्तालका लागि क्षयरोग खकार नमूना सङ्कलन तथा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न,*
५. *पोषणमैत्री स्वास्थ्य संस्था एवम् पूर्ण संस्थागत प्रसूति वडा घोषणा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न,*
६. *समुदाय स्तरमा पारिवारिक स्वास्थ्य प्रोफाइल तयारी तथा मोवाइल स्वास्थ्य सम्बन्धी स्वास्थ्यकर्मी तथा सरोकारवालाहरुका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न।*

### मासिक समीक्षा बैठक सम्पन्न

छत्रदेव गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था प्रमुखहरुको सहभागिता तथा स्वास्थ्य शाखा प्रमुखको अध्यक्षतामा माघ महिनाको मासिक

### मासिक समीक्षा ........

समिक्षा बैठक २०८१ फाल्गुण ९ गते सम्पन्न भएको थियो । छत्रदेव गाउँपालिकामा सम्पन्न बैठकमा माघ महिनामा स्वास्थ्य संस्थाहरुमा सञ्चालित क्रियाकलापहरुको समीक्षा गरिएको थियो । महिनाभर सञ्चालित क्रियाकलापको प्रभावकारिता सम्बन्धमा आवश्यक छलफल गरी सुझाव लिनेदिने कार्य गरिएको थियो । स्वास्थ्य संस्थाहरुले DHIS2 मा तथ्याङ्क प्रविष्टी गर्ने कार्य पुरा गरेकोले स्वास्थ्य शाखाबाट भेरिफकेशन गरी तथ्याङ्कमा देखिएका समस्याहरुको बारेमा सुधारका लागि पृष्ठपोषण दिने लिने कार्य गरिएको थियो । साथै HPV खोप अभियान सफलतापूर्वक सम्पन्न भएकोमा DHIS2 मा प्रगती विवरण प्रविष्टी नगरेका स्वास्थ्य संस्थाले तत्काल प्रविष्टि गर्ने निर्णय समेत गरिएको थियो ।

### क्षयरोगका कार्यक्रमको आ.व. २०८१/०८२ को प्रथम अर्द्धवार्षिक समिक्षा कार्यक्रम सम्पन्नः

क्षयरोग नेपालका प्रमुख जनस्वास्थ्य समस्याहरु मध्ये एक समस्या हो । कमजोर आर्थिक अवस्था, चेतना तथा तथ्य ज्ञानको कमी, स्वास्थ्य सेवाको पहुँचको कमी तथा स्वास्थ्य संस्थामा उपलब्ध हुने सेवाहरुको वारेमा समुदायमा जानाकारीको कमी जस्ता कारणले क्षयरोग समुदायमा व्याप्त छ । समुदायमा क्षयरोगका संक्रमित व्यक्तिहरु लामो समय सम्म लुकेर रहन सक्ने तथा परीक्षणको अभावमा निदान नहुदा उनिहरुको उचित उपचार नभई कमजोर अवस्थामा पुगेपछि मात्र निदान हुँदा धेरैले यस रोगको कारण ज्यान गुमाइ रहेका छन । समयमा निदान तथा उपचार हुन नसक्दा उनिहरुबाट रोगको निदान हुनु पुर्वनै धेरै मानिसलाई सार्न सक्ने र यो रोग समुदायमा भित्र भित्रै फैलिरहेको हुने भएकोले समुदायमा लुकेर रहेका क्षयरोगीको निदान गरी उपचारमा ल्याउने प्रयास गरिन्छ । कार्यक्रम संचालन भईरहेको अवस्थामा कार्यक्रमको प्रभावकारीता थाहा पाउन तथा थप प्रभावकारी बनाउन गर्नुपर्ने सुधारात्मक उपायहरुको खोजी गर्न र कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको प्रभावकारीता थाहा पाउन आवधिक रुपमा समिक्षा गर्नुपर्ने हुन्छ । स्थानीय तहहरुमा स्वास्थ्य सूचना व्यवस्थापनलाई सुदृढ र व्यवस्थित बनाउने उद्धेस्यले स्वास्थ्य संस्थावाट प्रदान गरेका सेवाको अभिलेख अनुसारको प्रतिवेदन भए नभएको एकिन गर्नको साथै स्वास्थ्य संस्थाबाट प्रदान गरिएका सेवाहरुलाई लेखाजोखा गरी सञ्चालित स्वास्थ्य सम्बन्धी कार्यक्रमको लक्ष अनुसार प्रगतीको समिक्षा गरी स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्ने क्रममा देखापरेका

## क्षयरोगका कार्यक्रमको आ.व. २०८१/०८२ को ....

समस्याहरुको पहिचान तथा समाधानका उपायहरुको खोजी गरी सुधार गर्न सहयोग गर्न आवधिक रुपमा समिक्षा गर्ने गरिन्छ ।

राष्ट्रिय क्षयरोग कार्यक्रमका सूचकहरुको विश्लेषण तथा विवेचना गर्न र कार्यक्रम सञ्चालनमा आइपरेका समस्याहरुको पहिचान गरी समाधानका उपायहरुको खोजि गर्न क्षयरोग कार्यक्रमको आवधिक रुपमा समिक्षा गर्नुपर्दछ । क्षयरोग निदान हुने दरको साथै निदान भई उपचारमा आएका क्षयरोगका विरामीहरुको दर्ता वर्गिकरण तथा उपचार सफलता दरलाई हेर्न दर्ता भएका हरकेक विरामीको कोहर्ट विश्लेषण गर्ने गरिन्छ । गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा निदान एवं दर्ता भई उपचारमा रहेका विरामीहरुको वारेमा अध्ययन गर्नुको साथै कार्यक्रम सञ्चालनका सिलसिलामा आइपरेका समस्याहरुको समेत समिक्षा गरी भविश्यमा त्यस प्रकारका समस्याहरु आउन नदिन र समस्या आइहालेमा पनि समयमै उचित तरिकाले व्यवस्थापन गर्ने उपायको खोजी गर्ने, क्षयरोग कार्यक्रमको सम्बन्धमा रहेका द्धिविधाहरुलाई कम गर्न र गाउँपालिका भित्र क्षयरोका सम्भावित विरामीहरुको खोजीकार्य समेत गरी लक्ष अनुसार प्रगती हासिल गर्न आवश्यक योजना वनाउने उश्यले यस कार्यक्रमको आयोजना गरिएको हो ।

छत्रदेव गाउँपालिकाका प्रमुख प्रशाशकीय अधिकृत राजन पाण्डेको अध्यक्षता, गाउँपालिका अध्यक्ष गाउँपालिका अन्तर्गतका डट्स सेवा सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाका स्वास्थ्य संस्था प्रमुख/ क्षयरोग फोकल पर्शनहरुको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपानेको सहजीकरणमा सम्पन्न भएको थियो । कार्यक्रममा स्वास्थ्य संस्था स्तरीय प्रगतीको प्रस्तुतीकरण सहभागीहरुले गर्नुभएको थियो भने गाउँपालिका स्तरीय प्रगतीको प्रस्तुतीकरण स्वास्थ्य शाखा प्रमुखले गर्नुभएको थियो ।

कार्यक्रममा आ.व. २०८१/०८२ को प्रथम अर्द्धवार्षि अवधीको समिक्षा गर्नुको साथै स्वास्थ्य संस्थामा विगतमा दर्ता भई ई-टिवि रजिष्टरमा प्रविष्टि भएका विरामीहरुको विवरण अद्यावधिक गर्नुको साथै नयाँ दर्ता भएका विरामीहरुको विवरण प्रविष्टि गर्ने कार्य समेत गरिएको थियो । यसै यरी कार्यक्रममा स्वास्थ्य संस्थामा सञ्चालित क्षयरोग कार्यक्रमको प्रगती तथा औषधीको मौज्दात सम्बन्धी विवरण समेत निर्दिष्ट फारममा भर्न लगाई संकलन गरिएको थियो ।



## क्षयरोग मुक्त अभियान नेपाल अन्तर्गत वडा स्तरीय समितिको समीक्षा बैठक सम्पन्न

नेपाल सरकारले आत्मसात गरेको सन् २०५० भित्रमा क्षयरोगलाई प्रति दश लाख जनसंख्यामा एक जना भन्दा कममा ल्याउने नेपाल सरकारको सोंच रहेको छ । स्थानीय तहमा गहन रुपमा क्षयरोग पहिचान, निदान, रोकथाम, उपचार, हेरचाह तथा सहयोग सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न वाञ्छनीय भएकोले **जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४** (मापदण्ड, निर्देशिका वा कार्यविधि बनाउने अधिकारःमन्त्रालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही आवश्यक मापदण्ड वा निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ) ले दिएको अधिकार प्रयोग गरी **सन् २०५० सम्ममा क्षयरोगलाई प्रति दश लाख जनसंख्यामा १ जना भन्दा कम** ल्याउने अर्थात **क्षयरोग मुक्त नेपाल** निर्माण गर्ने दीर्घकालिन सोंच अनुसार क्षयरोग मुक्त नेपाल अभियान सञ्चालन निर्देशिका, २०७८ जारी भई कार्यन्वयनमा आएको र सोही निर्देशिकाले निर्दिष्ट गरेको वडा स्तरीय क्षयरोग मुक्त अभियान समिति गत वर्षमा निर्माण गरी क्षयरोग मुक्त नेपाल अभियानलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न वडा स्तरीय सूक्ष्मयोजनाको निर्माण गरिएकोमा उक्त कार्ययोजनाको कार्यन्वयनको समिक्षा गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउन यस कार्यक्रमको आयोजना गरिएको हो ।




समितिले वडा स्तरीय शुक्षमयोजनाको प्रभावकारी कार्यन्वयन संगै गाउँपालिका बाट सञ्चालन हुने क्षयरोग मुक्त अभियानलाई प्रभावकारी ढंगबाट सञ्चालन गर्न सहयोग गर्नुको साथै कार्यक्रममा सबै सरोकारवालाहरुको सहयोग जुटाउन सहयोग हुने र वडा भित्रका सबै सरोकारवालाहरुलाई वडामा क्षयरोग मुक्त अभियान सुरु भएको र यसलाई सफल पार्न सबैको सहयोग अपरिहार्य छ भन्ने कुराको समेत जानकारी गराउन सहयोग पुग्ने विश्वासले यस कार्यक्रमको आयोजना गरिएको हो ।

## समूदायमा सक्रिय क्षयरोग खोजपड्तालका लागि क्षयरोग खकार नमूना सङ्कलन तथा स्वास्थ्य शिक्षा कार्यक्रम सम्पन्न

क्षयरोग नेपालका प्रमुख जनस्वास्थ्य समस्याहरु मध्ये एक समस्या हो । नेपालमा बर्षेनी ६९००० को हाराहारीमा नयाँ क्षयरोगीहरु थपिने गर्दछन । कमजोर आर्थिक अवस्था, चेतना तथा तथ्य ज्ञानको कमी, स्वास्थ्य सेवाको पहुँचको कमी साथै स्वास्थ्य संस्थामा उपलब्ध हुने सेवाहरुको वारेमा समुदायमा जानाकारीको कमी जस्ता कारणले क्षयरोग समुदायमा व्याप्त छ । समुदायमा क्षयरोगका संक्रमित व्यक्तिहरु लामो समय सम्म लुकेर रहन सक्ने तथा परीक्षणको अभावमा निदान नहुदा उनिहरुको उचित उपचार नभई कमजोर अवस्थामा पुगेपछि मात्र निदान हुँदा धैरैले यस रोगको कारण ज्यान गुमाइ रहेका छन । समयमा निदान तथा उपचार हुन नसक्दा उनिहरुबाट रोगको निदान हुनु पुर्वनै धैरै मानिसलाई सार्न सक्ने र यो रोग समुदायमा भित्र भित्रै फैलिरहेको हुने भएकोले समुदायमा लुकेर रहेका क्षयरोगीको निदान गरी उपचारमा ल्याउन नेपाल सरकारले क्षयरोग सक्रिय खोजपड्ताल गर्ने कार्यलाई प्राथमिकतामा राखेर पालिका स्तरमा माइक्रोस्कोपिक क्याम्प संचालन गर्न निर्देशित गर्दै बजेटको समेत ब्यवस्था गरेको हो ।

समुदायमा ज्याला मज्दुरी गरेर जिविका चलाउने, कमजोर आर्थिक अवस्था भएका, रोग सम्बन्धी गलत धारणा भएका, स्वास्थ्य सेवाको पहुँचको कमी भएका व्यक्तिहरु जटिल अवस्था नआए सम्म आफ्नो स्वास्थ्य जाँच गराउन स्वास्थ्य संस्थामा नजाने कारण क्षयरोग नियन्त्रणका लागि लामो समय देखि उच्च प्राथमिकतामा राखेर क्षयरोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्दा पनि अपेक्षित सफलता प्राप्त हुन नसकेको र छत्रदेव गाउँपालिकाको क्षयरोगको निदान दर न्यून भएकोले कतै क्षयरोगका बिरामीहरु लुकेर रहेका त छैनन् भन्ने कुरालाई मनन् गरी क्षयरोगका सम्भावित बिरामी हुनसक्ने ठाउँको पहिचान स्वास्थ्य संस्था प्रमुखहरुको बैठकबाट गरी क्षयरोगका सक्रिय विरामी रहेको छत्रदेव गाउँपालिकाको दलित, जनगाती तथा बाहुन क्षेत्रीको बसोबास रहेको बिगतमा क्षयरोगका विरामी भएको, HIV संक्रमित व्यक्तिहरु समेत रहेको छत्रदेव गाउँपालिकाको वडा नं. ८, खास गरी चिदिपानी तथा धरमपानीको भूभागमा बसोबास गर्ने मानिसहरुलाई पायक पर्ने गरी श्री नरेश आधारभूत विद्यालय, छत्रदेव - ८, मा कार्यक्रम राखिएको हो । स्थानीय वडाका जनप्रतिनिधीहरु समेतको अनुरोधमा उक्त स्थाको छनोट गरिएको हो ।

विश्व क्षयरोग दिवस २०८१ को अवसरमा **“हो ! हामी क्षयरोग अन्त्य गर्न सक्छौं । लगानीको प्रतिवद्धता र सेवा प्रवाहको सुनिश्चितता, आजको आवश्यकता” “Yes ! We Can End**

## समूदायमा सक्रिय क्षयरोग खोजपड्तालका ..........

**TB: Commit, Invest, Deliver”** भन्ने नाराका साथ क्षयरोग सम्बन्धमा स्वास्थ्य शिक्षासँगै सङ्कास्पद क्षयरोगका विरामीहरुको खकार नमूना समेत सङ्कलन गर्न माइक्रोस्कोपीक केन्द्रबाट टाढा रहेको ज्याला मज्दुरीबाट जिविका चलाउनेहरुको बाहुल्यता रहेको र क्षयरोगका विरामी बढि रहेको उक्त ठाउँका मानिसहरु आफ्नो स्वास्थ्य जाँच गराउन जटिल अवस्था आएमा बाहेक नजाने भएकोले आफ्नो घर दैलोमा सेवा पाउँदा उनिहरु पनि सम्मानित भएको अनुभुति गर्ने र लुकेर रहेका क्षयरोगी भएमा पत्ता लगाइ उपचारमा आबद्ध गर्ने उद्धेस्यले यस कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रमलाई प्रभावकारी बनाउन कार्यक्रम सञ्चालन हुनु पूर्व स्थानीय स्वयंसेवकहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । अभिमुखीकरणको समयमा स्थानीय संकास्पद व्यक्तिहरुको खकार नमूना राख्नका लागि उपलब्ध गराउन खकार राख्ने डब्बा उपलब्ध गराईएको थियो । स्थानीय समूदायका धैरे नागरिकको सहभागिताका लागि सामाजिक सञ्जाल मार्फत सूचना प्रवाह गर्नुको साथै स्थानीय जनप्रतिनिधीको सहयोगमा आवश्यक सूचना प्रवाह गरिएको थियो । कार्यक्रम सञ्चालन हुने दिनमा कोभिड-१९ को सम्भावित संक्रमणको जोखिमलाई मध्यनजर गरी भौतिक दुरी कायम गर्ने तथा व्यक्तिगत सुरक्षाका समाग्रीहरुको प्रयोग गरी सञ्चालन गरिएको उक्त कार्यक्रममा स्थानीय महिला स्वास्थ्य स्वयं सेविकाहरु तथा स्थानीय स्वास्थ्यकर्मीहरुबाट समुदायमा कार्यक्रमको वारेमा जाकारी गराई लक्षित सेवाग्राहीलाई बिहानको खकार लिई आउन खकार ल्याउने भाँडो उपलब्ध गराइएको थियो भने स्थानीय स्वास्थ्यकर्मीहरुबाट पनि कार्यक्रम हुनु अगाबै देखि कार्यक्रमको बारेमा जानाकारी गराउँदै लक्षित सेवाग्राहीलाई परामर्श प्रदान गर्ने कार्य गरिएको थियो ।



कार्यक्रम सञ्चालन हुने दिनमा स्थानीय महिला स्वास्थ्य स्वयं सेविकाहरुले सेवाग्राही लाई ल्याउनु भएको थियो साथै बलकोट प्राथमिक स्वास्थ्य केन्द्रका ल्याव असिस्टेन्ट र स्थानीय तथा अन्य स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुले सेवा प्रदान तथा सहयोग गरेको

## समूदायमा सक्रिय क्षयरोग खोजपड्तालका ..........

कार्यक्रमको संयोजन गाउँपालिका स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपानेले गर्नु भएको थियो । केरुङ्गा स्वास्थ्य चौकी, ठूलापोखरा स्वास्थ्य चौकी, बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रका प्रयोगशालाकर्मी/स्वास्थ्यकर्मी, स्थानीय स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मी तथा कर्मचारी लगायतले नमूना संकलन गर्ने कार्यमा सहयोग गर्नु भएको थियो । यसै गरी कार्यक्रममा सहभागी भएका सेवाग्राहीलाई संलग्न गराइ क्षयरोगको बारेमा स्वास्थ्य शिक्षा प्रदान गर्ने कार्य पनि गरिएको थियो । कार्यक्रमबाट संकलन गरिएका खकार नमूनाहरु बलकोट प्राथमिक स्वास्थ्य केन्द्रमा लगी परीक्षण गरिएको थियो । कार्यक्रममा पुरुष ३८ जना र महिला ६४ जना गरी जम्मा १०२ जना नागरिकको खका नमूना संकलन गरी बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा परीक्षण गरिएकोमा नमूना संकलन गरिएका व्यक्तिहरुको विवरण तथा परीक्षण नतिजा यसै प्रतिवेदव साथ संलग्न गरी राखिएको छ । संकलित सबै नमूनाहरुको परीक्षण गर्दा कुनै पनि नमूनामा पोजेटिभ नतिजा नआएको पाइएकोले उक्त स्थामा क्षयरोगका लुकेर रहेका विरामी नभएको अर्थात विगतमा क्षयरोग भएका वा सक्रिय क्षयरोगीहरुबाट अन्य व्यक्तिहरुमा नसरेको र उक्त स्थानमा क्षयरोगको प्रकोप नरहेको पाइएको हो ।

## पोषणमैत्री स्वास्थ्य संस्था एवम् पूर्ण संस्थागत प्रसूति वडा घोषणा सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्नः

नेपालको संविधानको धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था गरिएको छ । जसमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभुत स्वास्थ्य सेवा पाउने हक हुने व्यवस्था गरिएको छ । स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुँच हुने कुरालाई पनि संविधानले व्यवस्था गरेको छ । संविधानले बालबालिकाको हक, पोषण सम्बन्धी हक, महिलाको हक लगायतका हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । त्यसै गरी सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ ले महिलाको प्रजनन् सम्बन्धी हकलाई थप व्यवस्थित गरेको छ ।

यसरी कानुनी व्यवस्था हुनुको साथै दिगो विकास लक्ष अनुसार मातृशिशु स्वास्थ्य तथा बाल स्वास्थ्य सम्बन्धी विभिन्न लक्ष निर्धारण गरेकोमा उक्त लक्ष हासिल गर्नका लागि पनि बिशेष पहल गर्नुपर्ने देखिन्छ । दिगो विकास लक्ष अनुसार मातृ मृत्यु अनुपात प्रति लाख जिवित जन्ममा ७० भन्दा कम गर्ने, प्रोटोकल अनुसार चार पटक गर्भजाँच गर्ने दर ९० प्रतिशत भन्दा माथी पुराउने, स्वास्थ्य संस्थामा हुने प्रसूतीको दर ९० प्रतिशत भन्दा माथी पुराउने, दक्ष प्रसूतीकर्मीबाट प्रसूती गराउने दर ९० प्रतिशत भन्दा माथी पुराउने, परिवार नियोजन सेवाका प्रयोगकर्ता दर (CPR) ६०

## पोषणमैत्री स्वास्थ्य संस्था ..........

भन्दा माथी पुराउने आदि प्रजनन् स्वास्थ्य सम्बन्धी लक्षहरु निर्धारण गरिएका छन । त्यसै गरी पाँच वर्ष मुनीका बालबालिकामा NDHS 2022 अनुसार पुड्कोपन २५ रहेकोमा SDG अनुसार २०३० सम्ममा १५ मा झार्ने, कम तौल १९ बाट १० मा झार्ने, ख्याउटे पन ८ बाट ४ मा झार्ने लक्ष रहेको छ । यसरी राज्यले लिएका लक्षहरु पुरा गर्न स्थानीय तहबाट विशेष पहल गर्नुपर्ने हुन्छ ।

यसरी प्रजनन् स्वास्थ्य र पोषण सम्बन्धी सूचकहरुमा राज्यले निर्धारण गरे अनुरुपको प्रगती हासल गर्ने र क्रमिक रुपमा स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्य संस्था बनाउदै वडा र गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका बनाउने साथै पूर्ण संस्थागत प्रसूति सेवायुक्त वडा हुँदै क्रमशः गाउँपालिकालाई पूर्ण संस्थागत प्रसूति सेवायुक्त गाउँपालिका बनाउने गाउँपालिकाले लिइएको लक्ष पुरा गर्न गाउँपालिका अन्तर्गत सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु सञ्चालन गर्न र सरोकारवालाहरुको सहयोग प्राप्त गर्न अभिमुखीकरण गर्नुपर्ने हुन्छ ।

पोषण मैत्री स्वास्थ्य संस्था घोषणा र त्यसको दिगोपनाका लागि सरोकारवालाहरुलाई संलग्न गर्ने, स्थानीय स्तरमा बालबालिका, किशोरकिशोरी तथा महिलाहरुको पोषण अवस्थामा सुधार ल्याउने, पोषण सम्बन्धी सेवाहरुलाई प्रभावकारी ढंगले सञ्चालन गरी उचित रुपले अभिलेख तथा प्रतिवेदन गर्ने, पोषण सम्बन्धी सूचकहरुको प्रगती लक्ष अनुसार हासिल गर्न सहयोग गर्ने हेतुले पोषणमैत्री स्वास्थ्य संस्था र वडा निर्माण गरिन्छ ।

नेपालको संविधान तथा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ द्वारा प्रदत्त सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धी हक कार्यन्वयन गर्ने, घरमा हुने सुत्केरीलाई निरुत्साहित गर्दै शून्यमा झार्ने तथा सुरक्षित प्रसूतीलाई संस्थागत गर्दै त्यसको दिगोपनाको सुनिश्चितता गर्ने, दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गुणस्तरीय सुत्केरी सेवा प्रदान गरी मातृ तथा नवजात शिशुको मृत्युदरलाई घटाउने, संस्थागत प्रसूती वडा घोषणा र त्यसको दिगोपनाका लागि सरोकारवालाहरुलाई संलग्न गर्ने, सुरक्षित मातृत्व सम्बन्धी सूचकहरुको प्रगती लक्ष अनुसार हासिल गर्न सहयोग गर्ने हेतुले पुर्ण संस्थागत प्रसूतियुक्त वडा निर्माण गरिन्छ ।

यसर्थ नेपालको संविधान तथा प्रचलित कानुनले नागरिकलाई प्रदान गेको अधिकार प्रदान गर्न र गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम अनुसार छत्रदेव गाउँपालिकालाई पोषणमैत्री बनाउन र पूर्ण संस्थागत प्रसूति सेवायुक्त गाउँपालिका बनाउन आधार निर्माण गर्न, गाउँपालिकाका स्वास्थ्य सेवाका सूचकहरु खास गरी बाल स्वास्थ्य अन्तर्गत पोषण सम्बन्धी सूचकहरु र प्रजनन स्वास्थ्य सम्बन्धी सूचकहरुको प्रगती लक्ष अनुरुप हासिल गर्न सहयोग पुग्ने भएकोले गाउँपालिकाका स्वास्थ्य सेवाका सूचकहरु खास गरी बाल स्वास्थ्य अन्तर्गत पोषण सम्बन्धी सूचकहरु र प्रजनन स्वास्थ्य सम्बन्धी

## पोषणमैत्री स्वास्थ्य संस्था ......

सूचकहरुको प्रगती लक्ष अनुरुप हासिल गर्न सहयोग पुग्ने भएकोले गाउँपालिकाका स्वास्थ्य संस्थालाई पोषणमैत्री बनाउन र पूर्ण संस्थागत प्रसूतियुक्त वडा घोषणाको प्रक्रियाको बारेमा सरोकारवालाहरुलाई जानकारी गराइ कार्यक्रमलाई प्रभावकारी बनाउन र सबै पक्षको सहयोग प्राप्त गर्न सहयोग पुग्ने उद्धेश्यले यस कार्यक्रमको आयोजना गरिएको हो ।

नेपालको संविधान र प्रचलित कानुनले नागरिकलाई प्रदान गरेका हकको कार्यन्वयनमा सहयोग पुग्ने हेतुले सञ्चालन गरिएको यस कार्यक्रममा दिगो विकास लक्ष अनुसार मातृशिशु स्वास्थ्य तथा बाल स्वास्थ्य सम्बन्धी विभिन्न लक्ष निर्धारण गरेकोमा उक्त लक्ष हासिल गर्न बिशेष पहल गर्नुपर्ने कुराको औचित्य पुष्टिका लागि आवश्यक तथ्यहरु समेटेर प्रस्तुतीकरण गरिएको थियो । दिगो विकास लक्ष अनुसार मातृ मृत्यु अनुपात प्रति लाख जिवित जन्ममा ७० भन्दा कम गर्ने, प्रोटोकल अनुसार चार पटक गर्भजाँच गर्ने दर ९० प्रतिशत भन्दा माथी पुराउने, स्वास्थ्य संस्थामा हुने प्रसूतीको दर ९० प्रतिशत भन्दा माथी पुराउने, दक्ष प्रसूतीकर्मीबाट प्रसूती गराउने दर ९० प्रतिशत भन्दा माथी पुराउने, परिवार नियोजन सेवाका प्रयोगकर्ता दर (CPR) ६० भन्दा माथी पुराउने आदि प्रजनन् स्वास्थ्य सम्बन्धी लक्षहरु निर्धारण गरिएका छन । त्यसै गरी पाँच वर्ष मुनीका बालबालिकामा NDHS 2022 अनुसार पुड्कोपन २५ रहेकोमा SDG अनुसार २०३० सम्ममा १५ मा झार्ने, कम तौल १९ बाट १० मा झार्ने, ख्याउटे पन ८ बाट ४ मा झार्ने लक्ष रहेको छ । यसरी राज्यले लिएका लक्षहरु पुरा गर्न स्थानीय तहबाट विशेष पहल गर्नुपर्ने हुन्छ ।


यसरी प्रपनन् स्वास्थ्य र पोषण सम्बन्धी सूचकहरुमा राज्यले निर्धारण गरे अनुरुपको प्रगती हासल गर्ने र क्रमिक रुपमा स्वास्थ्य संस्थालाई पोषणमैत्री स्वास्थ्य संस्था बनाउदै वडा र गाउँपालिकालाई पोषणमैत्री गाउँपालिका बनाउने साथै पूर्ण संस्थागत प्रसूति सेवायुक्त वडा हुँदै क्रमशः गाउँपालिकालाई पूर्ण संस्थागत प्रसूति सेवायुक्त गाउँपालिका बनाउने गाउँपालिकाले लिइएको लक्ष पुरा गर्न गाउँपालिका अन्तर्गत सञ्चालन गर्नुपर्ने क्रियाकलापहरु सञ्चालन गर्न र सरोकारवालाहरुको सहयोग प्राप्त गर्न अभिमुखीकरण गर्नुपर्ने हुन्छ । पोषण मैत्री स्वास्थ्य संस्था घोषणा र त्यसको दिगोपनाका लागि सरोकारवालाहरुलाई संलग्न गर्ने, स्थानीय स्तरमा बालबालिका, किशोरकिशोरी तथा महिलाहरुको पोषण अवस्थामा सुधार ल्याउने, पोषण सम्बन्धी सेवाहरुलाई प्रभावकारी ढंगले सञ्चालन गरी उचित रुपले अभिलेख तथा प्रतिवेदन गर्ने, पोषण सम्बन्धी सूचकहरुको प्रगती लक्ष अनुसार हासिल गर्न सहयोग गर्ने हेतुले पोषणमैत्री स्वास्थ्य संस्था र वडा निर्माण गरिन्छ । नेपालको संविधान तथा सुरक्षित

पोषणमैत्री स्वास्थ्य संस्था ......

मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ द्वारा प्रदत्त सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सम्बन्धी हक कार्यन्वयन गर्ने, घरमा हुने सुत्केरीलाई निरुत्साहित गर्दै शून्यमा झार्ने तथा सुरक्षित प्रसूतीलाई संस्थागत गर्दै त्यसको दिगोपनाको सुनिश्चितता गर्ने, दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गुणस्तरीय सुत्केरी सेवा प्रदान गरी मातृ तथा नवजात शिशुको मृत्युदरलाई घटाउने, संस्थागत प्रसूती वडा घोषणा र त्यसको दिगोपनाका लागि सरोकारवालाहरुलाई संलग्न गर्ने, सुरक्षित मातृत्व सम्बन्धी सूचकहरुको प्रगती लक्ष अनुसार हासिल गर्न सहयोग गर्ने हेतुले पुर्ण संस्थागत प्रसूतियुक्त वडा निर्माण गरिन्छ ।



यिनै तथ्यमा आधारित भएर सञ्चालन गरिएको यस कार्यक्रम गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठको अध्यक्षता तथा गाउँपालिका स्वास्थ्य शाखा प्रमुख बुद्धि राम न्यौपानेको सहजीकरणमा सम्पन्न भएको थियो जसमा पोषण तथा प्रजनन् स्वास्थ्य सम्बन्धी बिभिन्न सूचक अनुसारको लक्ष र हालको प्रगतीको समीक्षा गर्नुको साथै दिगो विकास लक्षले निर्धारण गरेका लक्षहरुसँग वर्तमान प्रगतीको तुलना गरिएको थियो । कार्यक्रममा पोषणमैत्री स्वास्थ्य संस्था घोषण र पूर्ण संस्थागत प्रसूतीयुक्त वडा घोषणा को औचित्य र प्रक्रियाको वारेमा प्रस्तुतीकरण र छलफल गरिएको थियो ।



| छत्रदेव गाउँपालिका तथा मातहतका निकायहरुबाट २०८१ चैत्र महिनामा प्रदान गरिएका सेवा सम्बन्धी विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | विवरण | सेवाग्राहीको संख्या | | | कैफियत |
| | | महिला | पुरुष | जम्मा | |
| १ | नयाँ सेवाग्राही | ७६० | ५२७ | १२८७ | |
| २ | जम्मा सेवाग्राही/नयाँ तथा पुरानो | १६३५ | १०८८ | २७२३ | |
| ३ | किशोर किशोरी सेवाग्राही संख्या | २६० | १२५ | ३८५ | |
| ४ | ज्येष्ठ नागरिक सेवाग्राही | ४९० | ५११ | १००१ | |
| ५ | बहिरंग सेवाका सेवा ग्राही नयाँ | १०४२ | ६८० | १७२२ | |
| ६ | बहिरंग सेवाका सेवा ग्राही पुरानो | ८३६ | ६२७ | १४६३ | |
| ७ | नियमित खोप सेवा प्रदान गरिएको | ६० | ७२ | १३२ | |
| ८ | पूर्ण खोप पाएका बालबालिका | १४ | १२ | २६ | |
| ९ | बृद्धि अनुगमन गरेको नयाँ ०-२३ महिनाका बालबालिका | ३ | ५ | ८ | औषत भेट २२ पटक |
| १० | बृद्धि अनुगमन गरेको पुराना ०-२३ महिनाका बालबालिका | १५२ | १६५ | ३१७ | |
| ११ | कम तौल भएका बालबालिका संख्या | ० | ० | ० | |
| १२ | पहिलो पटक गर्भजाँच गरेको संख्या | १३ | | १३ | |
| १३ | प्रोटोकल बमोजिम चार पटक गर्भजाँच गरेको संख्या | ११ | | ११ | |
| १४ | २० बर्ष मुनिका गर्भवती संख्या | १ | | १ | |
| १५ | प्रोटोकल बमोजिम आठ पटक गर्भजाँच गरेको संख्या | १४ | | १४ | |
| १६ | स्वास्थ्य संस्थामा प्रसूति संख्या | २ | | २ | |
| १७ | स्वास्थ्य संस्थामा CB-IMNCI मा सेवा दिएको | ४२ | ३८ | ८० | |
| १८ | कण्डम वितरण गोटा | | | ५२७० | CPR 36.97 % |
| १९ | प.नि. साधन नयाँ प्रयोगकर्ता | १६ | | १६ | |
| २० | प.नि. साधन नयाँ प्रयोगकर्ता <२० बर्ष | १ | | १ | |
| २१ | प.नि. साधन लगातार प्रयोगकर्ता | ७९० | ६२ | ८५२ | |
| २२ | यस महिनामा दर्ता भएका क्षयरोगी | ० | ३ | ३ | |
| २३ | यस महिनामा दर्ता भएका कुष्ठरोगी | ० | १ | १ | |
| २४ | गाउँघर क्लिनिक | | | १७७ | |
| २५ | म.स्वा.से. | | | १०५५ | |
| २६ | विपन्न नागरिक उपचार कोष सिफारिस | १ | ० | १ | |
| २७ | प्रदेश स्वास्थ्य उपचार विशेष सिफारिस | १ | ० | १ | |
| २८ | अति असाध्य रोग राहत सिफारिस | ० | ० | ० | |

छत्रदेव गाउँपालिकाका स्थायी बासिन्दा तथा कर्चारीहरुलाई नि:शुल्क रुपमा रगत र रगतजन्य पदार्थ उपलब्ध गराउने सम्बन्धमा छत्रदेव गाउँपालिका र नेपाल रेडक्रस सोसाईटी, रक्त सञ्चार सेवा केन्द्र, रुपन्देही (बुटवल/भैरहवा) बीच सम्झौता भई कार्यान्वयनमा आएकाले रुपन्देही जिल्लाभित्र सञ्चालनमा रहेका सरकारी, सामुदायिक तथा निजी अस्पतालहरुमा उपचारको क्रममा रगत र रगतजन्य पदार्थ आवश्यक परेमा रक्तसञ्चार केन्द्रमा सम्पर्क गरी सुविधा लिनुहुन सम्बन्धित सबैमा अनुरोध छ।

**सम्पर्क नं. ९८५७०२६०४८, ९८५७०२६०४८**

**नसर्ने रोगहरुको पहिचानका लागि एक महिने अभियान**
**फागुन २०८१**

## उच्च रक्तचाप नियन्त्रण गर्ने उपायहरु:



- नून कम भएको स्वस्थ र पोषिलो आहार खाने
- तौल कम गर्ने र शरीरिक रुपमा सक्रिय रहने
- सुर्तीजन्य पदार्थको सेवन नगर्ने
- चिकित्सकको सल्लाह पालन गर्ने
- चिकित्सकले सिफारिस गरेको औषधी नछुटाई खाने

आफूलाई पायक पर्ने स्वास्थ्य संस्थामा गई मधुमेह, जाँच, रक्तचाप (ब्लडप्रेसर) मापन, मिर्गौला सम्बन्धी रोगको जाँच र BMI मापन गरौं।

**समयमै नसर्ने रोगको जाँच गराऔं, स्वस्थ र दीर्घ जीवन बाँचौं।**



**सम्पादक:**
**बुद्धि राम न्यौपाने**
**जनस्वास्थ्य नीरिक्षक**
**छत्रदेव गाउँपालिका**

छत्रदेव गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
स्वास्थ्य शाखा
छत्रगञ्ज, अर्घाखाँची